# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७४/०७५
च.नं. ४३६

मिति २०७५।२।९

विषयः- कार्यक्रममा सहभागीता सम्वन्धमा ।

श्री मेयर/उपमेयर/अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतज्यूहरु,
कर्णाली प्रदेशका स्थानीय तहहरु (सबै)

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको मिति २०७५।२।७ च.नं. ३३५ को पत्रबाट अनुरोध भई आएको हुँदा त्यस प्रदेशको आर्थिक वर्ष २०७५।०७६ को बजेट तर्जुमा गर्ने सिलसिलामा कर्णाली प्रदेशका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुसँग प्रदेश तथा स्थानीय तहबीच सम्बन्ध, बजेट निर्माण, करु तथा गैर कर र योजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम सञ्चालन हुने भएकोले निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि आदेशानुसार अनुरोध छ ।

तपसिल

कार्यक्रम स्थान : शुभ होटेल, वीरेन्द्रनगर, सुर्खेत
मिति : २०७५।२।११ (सल्यान, रुकुम (पश्चिम भाग), सुर्खेत, दैलेख र जाजरकोटका स्थानीय तहहरु)
मिति २०७५।२।१२ (डोल्पा, कालिककोट, मुगु, हुम्ला र जुम्लाका स्थानीय तहहरु)
समय : विहान ७:०० देखि
(नोट : दिवा खाना तथा खाजा आयोजकबाट व्यवस्था हुने)

(रमेश न्यौपाने)
उप सचिव

बोधार्थ
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) : कार्यक्रममा सहभागीहरुलाई सहभागीहुन जानकारी गराइदिनुहुन

e-mail :Mofagamails@gmail.com

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या: २०७४।०७५
चलानी: ३३५

मिति : २०७५/०२/०७

विषय : कार्यक्रममा सहभागिताका लागि आवश्यक समन्वय गरिदिने बारे ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संयुक्त आयोजनामा यस कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारीहरु तथा प्रमुख प्रशासकीय अधिकृतज्यूहरुसँग मिति २०७५।०२।१० र ११ गते भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा स्थानीय तहको भूमिका सम्बन्धी एक दिवसीय गोष्ठी सञ्चालन हुने भनी तहाँको च.नं. ४२९ मिति २०७५।०२।०३ को पत्रबाट जानकारी हुन आएको ।

यस प्रदेशको आर्थिक वर्ष २०७५।०७६ को बजेट तर्जुमा गर्ने सिलसिलामा उक्त कार्यक्रममा सहभागी हुन आउनु हुने पदाधिकारी तथा कर्मचारीहरुसँग प्रदेश तथा स्थानीय बीच सम्बन्ध, बजेट निर्माण, कर तथा गैर कर र योजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम सञ्चालन गर्न यस मन्त्रालयबाट समेत निर्णय भएको हुँदा तपशिल बमोजिमको स्थान, मिति र समयमा हुने यस मन्त्रालयको कार्यक्रममा निज सहभागीहरुलाई सहभागी हुन जानकारी गराई सहयोग गरिदिनु हुन सादर अनुरोध गर्दछु ।

<u>तपशिल</u>

कार्यक्रम स्थान : शुभ होटल, वीरेन्द्रनगर, सुर्खेत

मिति : *तहाँको कार्यक्रममा १० गते सहभागी हुने पदाधिकारी तथा कर्मचारीहरुलाई यस मन्त्रालयबाट ११ गते र तहाँको कार्यक्रममा ११ गते सहभागी हुने पदाधिकारी तथा कर्मचारीहरुलाई १२ गते सहभागी हुने व्यवस्था मिलाइदिनु हुन ।*

समय : ०६.०० बजेदेखि

विषय : प्रदेश तथा स्थानीय बीच सम्बन्ध, बजेट निर्माण, कर तथा गैर कर र बजेट तथा योजना तर्जुमा सम्बन्धी छलफल

पुनश्च : कार्यक्रममा सहभागी हुँदाको दिनको *खाना तथा खाजा यस मन्त्रालयबाट व्यवस्था गरिने समेत जानकारी गराइदिनु हुन ।*

दुण्डी प्रसाद निरौला
सचिव

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), : *तहाँ सम्पर्क समन्वय भए अनुसार उपरोक्त कार्यक्रममा निजहरुलाई सहभागी हुन जानकारी गराइदिनु हुन अनुरोध छ ।*

टेलिफोन नम्बरः ०८३-५२१३७१, ५२२५४०, ५२५६३६ फ्याक्स नम्बरः ०८३-५२५६३६
ईमेलः moeap6@gmail.com

## आर्थिक वर्ष २०७५।०७६ का लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको नीतिगत व्यवस्था:

१. संविधानका निर्देशक सिद्धान्त बमोजिम सरकारी सहकारी तथा निजी क्षेत्र तथा नागरिक समाज एवं गैर सरकारी क्षेत्र समेतको सहभागिता र समन्वयमा आर्थिक विकास हासिल गर्ने गरी नीतिगत व्यवस्था गरिनेछ ।

२. सबै स्थानीय तहहरुमा आधुनिक बैंकिङ सुविधा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरी सबै स्थानीय तहसम्म बैंक तथा वित्तीय संस्था विस्तार गरिनेछ ।

३. प्रादेशिक कर कानूनको उपयुक्त व्यवस्था गरी छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैर कर असुली तथा संकलन कार्य प्रभावकारी बनाइनेछ ।

४. प्रशासनिक खर्चलाई निश्चित सीमामा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पुँजीगत एवं विकास खर्चलाई बढाउँदै तीब्र आर्थिक विकास गर्ने ।

५. सीमित साधन तथा स्रोतको अधिकतम उपयोग गर्ने योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने व्यवस्था मिलाइनेछ।

६. आर्थिक वर्ष २०७४।०७५ को बजेटमा समावेश भएका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि निम्न नीति अंगीकार गरिनेछ ।

७. आन्तरिक तथा वैदेशिक ऋण परिचालनबाट प्राप्त स्रोत पुँजीगत तथा उच्च प्रतिफलयुक्त आयोजनाहरुमा मात्र परिचालन गर्ने नीति अंगीकार गरिनेछ।

८. बजेट तर्जुमा सम्बन्धी सबै चरणहरु तालिकाबद्ध गरी समय तालिकालाई अनिवार्य अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ।

९. कर्णाली प्रदेशको समृद्धिको खाका सहित दीर्घकालीन र आवधिक योजना तर्जुमा गरी सोही आधारमा विकास कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

१०. बजेट तर्जुमा, सार्वजनिक खर्च, लेखाङ्कन प्रतिवेदन अनुगमन मूल्याङ्कन लगायतको कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी नीतिगत, कानूनी संरचनात्मक व्यवस्था गरिनेछ ।

११. नयाँ योजना/आयोजना तर्जुमा तथा स्वीकृत गर्दा अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण (Feedback) लाई आधार बनाइनेछ ।

१२. संघ, प्रदेश तथा स्थानीय निकायहरु बीच बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३. बजेट तथा कार्यक्रम कार्यान्वयनलाई नतिजामा आधारित बनाउन भौतिक प्रगति तथा वित्तीय प्रगति प्रतिवेदनका आधारमा निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।

१४. प्रादेशिक योजना प्रभावकारी बनाई कार्यान्वयन गर्ने **प्रादेशिक योजना आयोग गठन** गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१५. प्रदेशमा सञ्चालित राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना लगायत प्राथमिकता प्राप्त महत्वपूर्ण विकास आयोजनाहरुको अनुगमन मूल्याङ्कन प्रभावकारी बनाउन **योजना आयोजना अनुगमन मार्ग दर्शन** तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६. योजना, आयोजना तथा कार्यालय सञ्चालन अनुशासनयुक्त बनाउन **वित्तीय सुशासन सम्बन्धी रणनीतिक कार्ययोजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१७. आयोजना सञ्चालन गर्ने कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन **परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन** प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८. प्रदेश र संघ एवं प्रदेश र स्थानीय साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयमले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची **परियोजना बैंक** ***(Project Bank)*** तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।